# सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर :

**सूचना ! सूचना !! सूचना !!!**

**विषय: खानेपानी उपभोक्ता समिति प्रोत्साहन कार्यक्रममा सहभागी हुनेबारे सूचना।**
**(पहिलो पटक प्रकाशित मिति २०८२/१२/१० गते)**

यस गाउँपालिकामा विद्यमान खानेपानी योजनाको ९० प्रतिशत भन्दा बढी सुचारुपना कायम राख्न सफल खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्नको लागि सिम्ता खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) ईकाइद्वारा यो प्रतियोगिता आयोजना गरिएको छ। यस प्रतियोगितामा योजनाको सुचारुपना उत्कृष्ट प्रदर्शन गर्ने खानेपानी उपभोक्ता समितिहरुलाई नगद वा जिन्सी पुरस्कार प्रदान गरिनेछ। आधिकारिक दर्ता प्रमाण-पत्र प्राप्त गरेको ३ वर्ष पुगिसकेका वा योजना सम्पन्न भएको ३ वर्ष पुगिसकेका यस गाउँपालिकामा विद्यमान सम्पुर्ण खानेपानी उपभोक्ता समितिहरुलाई यस प्रतियोगितामा सहभागिताका लागि आह्वान गरिन्छ।
प्रतियोगितामा सहभागी उत्कृष्ट सुचारुपना कायम गर्ने खानेपानी योजनाका उपभोक्ता समिति मूल्याङ्कन मापदण्ड:

१. उपभोक्ता समितिले आफ्नो योजना उत्कृष्ट सुचारुपना रहेको दावी सहितको निवेदन र गाउँपालिकाद्वारा उपलब्ध गराईएको मूल्याङ्कन फारम भरेर पेश गर्नुपर्नेछ।
२. खा.स.स्व. ईकाइमा प्राप्त निवेदन र उपभोक्ता समितिद्वारा स्वःमूल्याङ्कन गरि पेश गरिएको फारमको प्रारम्भिक मुल्याङ्कन पछि राम्रो सुचारुपना भएका मध्ये बढि अंक प्राप्त गर्ने १०-१५ योजनाको छोटो सुची तयार गरिनेछ।
३. छोटो सुचीमा छनौट भएका योजनाहरुको मूल्याङ्कन समितिद्वारा योजना स्तरमा गएर अनुगमन गरिनेछ।
४. योजना स्तरको अनुगमनको आधारमा उत्कृष्ट सुचारुपना कायम गर्ने ३ वटा (पहिलो, दोस्रो र तेस्रो) उपभोक्ता समितिहरु छनौट गरिनेछ।
५. मूल्याङ्कन समितिले गरेको नतिजा खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) ईकाइले सार्वजनिक गर्नेछ।
६. मूल्याङ्कनबाट उत्कृष्ट सुचारुपना कायम राख्ने ३ वटा उपभोक्ता समितिलाई गाउँपालिका स्तरमा गरिने खानेपानी योजनाको सुचारुपना सम्मेलन वा गाउँपालिकाले आयोजना गर्ने अन्य सार्वजनिक कार्यक्रममा पुरस्कार वितरण तथा सम्मानित गरिनेछ।

**सुचना प्रकाशित मिति: २०८२/१२/१० गते**
**आवेदन पेश गर्ने अन्तिम मिति: २०८२/१२/२५ गते**
**आवश्यक कागजातहरु:** निवेदन, समितिले स्व-मूल्याङ्कन गरिएको फारम, संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्र, निर्माण सम्झौता पत्र, योजना सम्पन्न प्रतिवेदन, अन्तिम सार्बजनिक लेखा परिक्षण प्रतिवेदन माईन्युट, पछिल्लो दुई बैठकको समितिको माईन्युटको प्रतिलिपी, पछिल्लो महिनाको पानी महसुल संकलनको प्रमाण, वार्षिक सधारण सभाको माईन्युट प्रतिलिपी।
**पुनश्चः** मूल्याङ्कन फारम तथा थप जानकारीका लागि सिम्ता गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) इकाई कार्यालयमा सम्पर्क गर्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत

# खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वार्षिक मूल्यांकन फाराम

## सिम्ता गाउँपालिका

योजनाको नामः दर्ता न. लाभान्वित घरधुरी संख्याः

ठेगानाः वडा नं. टोलः

### योजनाको न्यूनतम ग्राह्यता मापन

| योजनाको न्यूनतम ग्राह्यता मापन | | | |
|---|---|---|---|
| योजनाको सञ्चालन अवस्था | | अवस्था | आधार |
| क) | पूर्ण रुपमा सञ्चालित | | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ख) | आंशिक रुपमा सञ्चालित | | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ग) | बन्द | | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| बन्द भएको योजनाको थप मूल्याकन गरिने छैन। | | | |
| के योजना थप मुल्यांकनका लागि योग्य छ। | | | |

खानेपानी योजनाको सुचारुपना मुल्यांकन फाराम

| सि. नं. | सुचकहरु | पूर्णाङ्क | भार | प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ता समिति | मुल्यांकन समिति | |
| | **नतिजा सुचकहरु** | ६० | | | | |
| **१** | **प्रतिफल सुचक** | **३०** | | | | |
| १. क | सुचारु अवस्थामा रहेका धाराबाट खानेपानी सेवा प्राप्त गर्ने जनसंख्या | ३० | | | | सुचारु अवस्थामा रहेका धाराबाट समेटिएको जनसंख्या:<br>जम्मा जनसंख्या:<br>समेटिएको जनसंख्या % (भार) × पुर्णाङ्क (३०)÷१०० |
| **२** | **उपलब्धी सुचक** | **३०** | | | | |
| २. क | सुचारु अवस्थामा रहेका धारा | ३० | | | | सुचारु अवस्थामा रहेका धारा संख्या:<br>जम्मा धारा संख्या:<br>सुचारु धाराको % (भार) × पुर्णाङ्क (३०)÷१०० |

| सि.नं. | सुचकहरु | पूर्णाङ्क | भार | प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ता समिति | मुल्यांकन समिति | |
| | **लगानी सुचकहरु** | ४० | | | | |
| ३ | **संचालन तथा मर्मत सेवाको प्रावधान** | १५ | | | | |
| ३.क | मर्मत कार्यकर्ताको परिचालन | ५ | | | | मर्मत कार्यकर्ताको संख्या:<br>ब्यक्तिगत धारा: सामुदायिक धारा:<br>प्रति २०० सामुदायिक धारा र/वा १००० नीजि धारा बराबर कम्तिमा १ VMW हुनुपर्ने |
| ३.ख | तालिम प्राप्त मर्मत कार्यकर्ता | ५ | | | | तालिम प्राप्त मर्मत कार्यकर्ताको संख्या:<br>मर्मत कार्यकर्ताको संख्या: |
| ३.ग | मर्मत कार्यका लागि अति आवश्यक औजारको उपलब्धता | ५ | | | | आवश्यक औजार सेटः<br>मर्मत कार्यकर्ताको संख्या: |
| ४ | **प्राविधिक सुचकहरु** | २५ | | | | |
| ४.क | पानीको स्रोत उपलब्ध हुने महिना | ७ | | | | पानीको स्रोत उपलब्ध भएको महिनाको संख्या:<br>पानीको स्रोतको संख्या:<br>पूरै वर्ष उपलब्धता -७, ११ देखि <१२ महिना-५, १० देखि <११ महिना-२, १० महिना भन्दा कम उपलब्ध -० |
| ४.ख | मर्मत गर्नुपर्ने संरचनाहरूको प्रतिशत | ११ | | | | योजनामा भएका कुल संरचना संख्या:<br>मुख्य मर्मत आवश्यक संरचना संख्या:<br>पुर्ननिर्माण आवश्यक संरचना संख्या:<br>कुनै मुख्य संरचनाहरूलाई मर्मत आवश्यक छैन=११<br>मर्मत आवश्यक प्रमुख संरचनाहरूको % × पुर्णाङ्क (११)÷१००<br>५०% भन्दा बढी मुख्य संरचनाहरूलाई मर्मत वा पुर्ननिर्माण आवश्यक भए= 0 |
| ४.ग | पाईप प्रणालीमा प्रमुख चुहावटको अवस्था | ७ | | | | प्रमुख चुहावटको संख्या (ट्रान्समिसन लाईन):<br>कुल पाइपलाइन लम्बाइ (ट्रान्समिसन लाईन): कि.मि.<br>प्रमुख चुहावटको संख्या (वितरण लाईन):<br>कुल पाइपलाइन लम्बाइ (वितरण लाईन): कि.मि.<br>प्रणालीमा कुनै ठूलो चुहावट छैन =७, प्रति २ किलोमिटर १ प्रमुख चुहावट = ५, प्रति २ किलोमिटर १ भन्दा बढी प्रमुख चुहावट ० |
| | **जम्मा** | १०० | | | | |

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

खानेपानी योजनाको दिगोपना मुल्यांकन फाराम

| सि.नं. | सुचकहरु | पूर्णाङ्क | भार | प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ता समिति | मुल्यांकन समिति | |
| | **नतिजा सुचकहरु** | ५० | | | | |
| १ | **समग्र सुचारुपना** | ५० | | | | |
| १.क | सुचारु प्रणालीद्वारा सेवा प्रदान गरिएको जनसंख्या | ५० | | | | सुचारु अवस्थामा रहेका धाराबाट समेटिएको जनसंख्या:<br>जम्मा जनसंख्या:<br>समेटिएको जनसंख्या % (भार) × पुर्णाङ्क (३०)÷१०० |
| | **लगानी सुचकहरु** | ५० | | | | |
| २ | **संस्थागत सुचकहरु** | १४ | | | | |
| २.क | उपभोक्ता समितिको निर्णय सहित बैठकहरू (वर्तमान वर्ष) | ५ | | | | प्रति वर्ष रेकर्ड गरिएको निर्णय सहित बैठकहरूको संख्या:<br>३ भन्दा बढी बैठक=५, ३ बैठक= ४, २ बैठक = ३, २ भन्दा कम बैठक वा WSUC नभएको= ० |
| २.ख | साधारण सभा | ५ | | | | निर्णय सहित सम्पन्न बार्षिक साधारण सभा (वर्तमान वर्ष)<br>साधारण सभा हुन्छः ५, हुँदैनः ० |
| २.ग | योजनाको लेखा व्यवस्थापन | ४ | | | | सँधै लेखा राख्ने कर्मचारीद्वारा= ४, केहि महिना लेखा राख्ने कर्मचारीद्वारा र केहि महिना समितिले आफै राख्ने गरेको= ३, समितिले आफै राख्ने गरेको= २, कोही जिम्मेवार छैन= ० |
| ३ | **प्राविधिक:योजनाको गुणस्तरीय सेवा** | ९ | | | | |
| ३.क | पानी सुद्धिकरण/उपचारको आवश्यकता (वर्तमान वर्ष) | ४ | | | | स्रोत संख्या:<br>उपयुक्त उपचार सुविधा अवस्थित छ र काम गरिरहेको छ: ४<br>वर्षभरि सफा गर्नुपर्ने/उपचार आवश्यक छ वा छैन: ३<br>वर्षाको मौसममा टर्बिड/फोहोर/सानो उपचार आवश्यक छ: २<br>वर्षभर टर्बिड/फोहोर/मुख्य उपचार आवश्यक: ० |
| ३.ख | नियमित निरीक्षणको मानक सञ्चालन प्रक्रिया (SOP) वा पानी सुरक्षा योजना | ५ | | | | नियमित निरीक्षणको मानक सञ्चालन प्रक्रिया (SOP) वा पानी सुरक्षा योजना तयार गरी पालना गरिएकोछ=५, छैन=० |
| ४ | **सामाजिक र वातावरण** | १२ | | | | |
| ४.क | स्रोत दर्ता र स्रोतमा विवाद (वर्तमान वर्ष) | ५ | | | | स्रोत संख्या:<br>स्रोत दर्ता र कुनै विवाद छैन: ५<br>स्रोत दर्ता गरिएको छैन तर कुनै विवाद/बाधा छैन: ४<br>स्रोत दर्ता भएको, सार्वजनिक जग्गामा र स्थानीय समुदायले अवरोध गरेको: ३<br>स्रोत दर्ता नभएको, सार्वजनिक जग्गामा र स्थानीय समुदायले अवरोध गरेको: २<br>निजी जग्गामा स्रोत र जग्गाधनीद्वारा अवरोध: ० |

| सि. नं. | सुचकहरु | पूर्णाङ्क | भार | प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ता समिति | मुल्यांकन समिति | |
| ४.ख | आयआर्जनका गतिविधिमा पानी प्रयोग गर्ने घरपरिवारको प्रतिशत (वर्तमान वर्ष) | ३ | | | | योजनामा समेटिएका जम्मा घरधुरीः<br>आयआर्जनका गतिविधिमा पानी प्रयोग गर्ने घरधुरीः<br>५०% भन्दा बढिः ३, ३०-५०% सम्मः २, १०-३०% सम्मः १, १०% भन्दा कम्मः ० |
| ४.ग | खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा महिला प्रतिनिधित्वको प्रतिशत | ४ | | | | कार्यकारिणी पदमा महिला सहभागिता सहित >=३३% महिला प्रतिनिधित्वः ४, कार्यकारिणी पदमा महिला सहभागिता नभएको तर >=३३% महिला तिनिधित्वः ३, कार्यकारिणी पदमा महिला सहभागिता सहित >=२०% महिला तिनिधित्वः २, कार्यकारिणी पदमा महिला सहभागिता नभएको तर >=२०% महिला तिनिधित्वः ० |
| **५** | **वित्तीय: प्रणाली** | **१५** | | | | |
| ५.क | वित्तीय लेखापरीक्षण प्रणालीको उपस्थिति (वर्तमान वर्ष) | ३ | | | | सार्वजनिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षण दुवै गर्ने गरिएको-३, सार्वजनिक लेखापरीक्षण वा वाह्य लेखापरीक्षण मध्ये कुनै एक गर्ने गरिएको-२, सार्वजनिक लेखापरीक्षण वा वाह्य लेखापरीक्षण कुनै पनि गर्ने नगरिएको-० |
| ५.ख | VMW को लागि पारिश्रमिकको प्रावधान (वर्तमान वर्ष) | ४ | | | | VMW को पारिश्रमिक मासिक रुपमा उपलब्ध गराउने गरिएको:४, VMW ले पारिश्रमिक लिने गरेको तर नियमित नभएको:२, VMW नै नभएको-० |
| ५.ग | पानी महशुल/मर्मत सम्भार कोषको संकलन | ३ | | | | उपभोक्ता समितिको निर्णय अनुसार कम्तीमा ९०% घरधुरीबाट नियमित संकलन हुने गरेको: ३, पानी महशुल/मर्मत सम्भार कोषको संकलन हुने गरेको तर नियमित नभएको: २, पानी महशुल/मर्मत सम्भार कोषको संकलन हुने गरेको तर मर्मत कार्यकर्ताले सिधै लिने गरेको: १, संकलन हुने नगरेको: ० |
| ५.घ | सञ्चालन अनुपात (वर्तमान वर्ष) | ५ | | | | सञ्चालन अनुपात ७५% भन्दा कम (आन्तरिक आय भन्दा खर्च कम)- ५, आम्दानीमा सञ्चालन खर्च अनुपात ७५-१००%- ४, सञ्चालन अनुपात 100% भन्दा बढि (बाह्य सहयोगको आवश्यकता) -२, कुनै आम्दानी छैन (सबै खर्चको लागि बाह्य सहयोगमा निर्भर)- ० |
| | जम्मा | १०० | | | | |

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३